# गैरआवासीय नेपाली संघ

# *केन्द्रिय निकायहरुको बैठक सञ्चालन सम्बन्धी नियमावली, २०२१

अन्तर्राष्ट्रिय समन्वय परिषदबाट पारित भएको मितिः

सन् २०२१ जुलाई १७

**संशोधनः**

१. गैरआवासीय नेपाली संघ *केन्द्रिय निकायहरुको बैठक सञ्चालन सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०२३ - सन् *२०२३ जुलाई ९ को अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक*

**प्रस्तावनाः** गैरआवासीय नेपाली संघको विधान *........................ को दफा १८ र १९ मा उल्लेखित अन्तर्राष्ट्रिय समन्वय परिषद्, पदाधिकारी *............. र अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठकलाई प्रभावकारी बनाउनका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गैरआवासीय नेपाली संघको विधान २००३ *........................ को दफा १७.६ को दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यी नियमहरुको नाम "**गैरआवासीय नेपाली संघ *केन्द्रिय निकायहरुको बैठक सञ्चालन सम्बन्धी नियमावली, २०२३**" रहेको छ ।

(२) यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्णय गरेको मिति बाट लागू हुनेछ । *यो नियमावलीमा कुनै संशोधन अन्तर्राष्ट्रिय समन्वय परिषद वा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय बाट भएमा सोही मिति देखि यो नियमावलीमा भएको संशोधन लागू हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "**संघ**" भन्नाले गैरआवासीय नेपाली संघलाई जनाउँनेछ ।

(ख) "**विधान**" भन्नाले गैरआवासीय नेपाली संघको विधान २००३ *........................ लाई जनाउँनेछ ।

(ग) "**अन्तर्राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जनाउँने छ ।

(घ) "**अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय**" भन्नाले संघको अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयलाई जनाउँनेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित।
* पहिलो संशोधनद्वारा संशोधित।
* पहिलो संशोधनद्वारा झिकिएको।
* पहिलो संशोधनद्वारा झिकिएको।
* पहिलो संशोधनद्वारा झिकिएको।
* पहिलो संशोधनद्वारा संशोधित।
* पहिलो संशोधनद्वारा थप।
* पहिलो संशोधनद्वारा झिकिएको।

(ङ) "**पदाधिकारी**" भन्नाले विधानको दफा ५ को उपदफा ५.१४ मा उल्लेखित पदाधिकारीलाई सम्झनु पर्छ ।

(च) "**संरक्षक परिषद्**" भन्नाले विधानको दफा १६ अनुसार गठन हुने संरक्षक परिषद्लाई जनाउँनेछ ।

(छ) "**संरक्षक**" भन्नाले संरक्षक परिषद्को प्रमुख संरक्षक र संरक्षकलाई जनाउँनेछ ।

(ज) *"**क्षेत्रीय बैठक**" भन्नाले विधानको दफा २२.९ को उपदफा २२.९.३ अनुसार सम्बन्धित क्षेत्रीय संयोजकले बोलाईएको बैठक सम्झनु पर्छ ।

(झ) "**विभाग**" भन्नाले संघले गठन गरेको विभागलाई जनाउँनेछ

(ञ) "**समिति**" भन्नाले संघले गठन गरेको समितिलाई जनाउँनेछ

(ट) "**उपसमिति**" भन्नाले संघले गठन गरेको उपसमितिलाई जनाउँनेछ

(ठ) "**कार्यदल**" भन्नाले संघले गठन गरेको कार्यदललाई जनाउँनेछ

(ड) "**क्षेत्रीय समिति**" भन्नाले संघले विधानको दफा १९(क) बमोजिम गठन गरेको क्षेत्रीय समितिलाई जनाउँनेछ ।

(ढ) "**महिला फोरम**" भन्नाले संघको महिला फोरमलाई जनाउँनेछ ।

(ण) "**युवा फोरम**" भन्नाले संघको युवा फोरमलाई जनाउँनेछ ।

(त) "**बैठक**" भन्नाले अन्तर्राष्ट्रिय समन्वय परिषद्, अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय, पदाधिकारी *र क्ष क्षेत्रीय बैठकलाई जनाउँनेछ ।

*(थ) "**केन्द्रिय निकाय**" भन्नाले अन्तर्राष्ट्रिय समन्वय परिषद्, अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय र पदाधिकारी लाई जनाउँनेछ ।

## ३. अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकको तयारीः

(१) संघको विधानको उपदफा १८.१ मा उल्लेख भए बमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक कम्तिमा सामान्यतया ३ (तीन) महिनामा एक पटक सम्पन्न हुनेछ ।

(२) महासचिवले अध्यक्ष र अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको परामर्शमा बैठकको मिति, स्थान र तरिका तोकी बैठक सम्पन्न हुनु भन्दा कम्तिमा ३ (तीन) हप्ता पहिले ईमेल मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी र सदस्यहरुलाई सूचित गर्नु पर्नेछ । संरक्षक, सल्लाहकार, राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष तथा आवश्यक्ता अनुसार समिति, क्षेत्रीय समिति, उपसमिति र कार्यदलका संयोजकलाई बैठकमा पर्यवेक्षकका रुपमा उपस्थित हुनका लागि सूचित गर्न सक्नेछ ।

(३) बैठकमा प्रस्तुत गरिने विषयहरुको सूची तयार गर्न र बैठकको निर्णय प्रकृयालाई सहजीकरण गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक भन्दा पहिला *पदाधिकारीको बैठक सम्पन्न गर्नु पर्नेछ ।

(४) बैठकको विषयसूची र संभावित निर्णयहरुको विवरण महासचिवले आवश्यक कागजातको साथमा बैठक भन्दा कम्तिमा १ (एक) हप्ता पहिले अन्तर्राष्ट्रिय समन्वय परिषद्मा पेश गर्नु पर्नेछ ।

(५) अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरुले महासचिव मार्फत बैठकमा कुनै पनि बिषयमा छलफल गर्ने प्रस्ताव सभामा गराउन सक्नेछन् ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा संशोधित ।

तर यसको सूचना बैठकको मिति भन्दा कम्तिमा १ (एक) हप्ता पहिले महासचिवलाई दिनु पर्नेछ ।

(६) बैठकको विषयसूची हेरी आवश्यक अनुसार विशिष्ट व्यक्तिहरुलाई बैठकमा आमन्त्रित गर्न सकिनेछ । यस्तो निर्णय अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले गर्नेछ ।

(७) अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्यहरु मध्ये २५ (पच्चिस) प्रतिशत सदस्यहरुले विषय खुलाई परिषद्को बैठक बोलाउने माग गरेमा बढीमा १५ (पन्ध्र) दिन भित्र परिषद्को बैठक बोलाउनु अध्यक्षको कर्तव्य हुनेछ ।

४. **बैठकको सञ्चालनः**

(१) बैठक आवश्यकता अनुसार व्यक्तिहरु भेला भएर वा बिजनेस स्काइप वा साइवर वा भिडियो सम्मेलन मार्फत सम्पन गरिनेछ ।

(२) बैठकको अध्यक्षता संघको अध्यक्षले गर्ने छ । यदि अध्यक्ष कुनै कारणबश बैठकमा सहभागी हुन नसकेमा अध्यक्ष स्वयं वा अन्तर्राष्ट्रिय समन्वय परिषद्को *पदाधिकारीले उपाध्यक्षहरु मध्ये एक जनालाई बैठकको अध्यक्षताको लागि मनोनयन गर्नेछ ।

(३) बैठकको सञ्चालन, माईन्यूट तथा बैठकको मिति तोक्ने काम संघका महासचिवले गर्नेछ । कुनै कारणबस महासचिव बैठकमा उपस्थिति नभएमा *उपमहासचिवहरु मध्ये एक जना वा अन्तर्राष्ट्रिय समन्वय परिषद्को *पदाधिकारीले तोकेको व्यक्तिले गर्नेछ ।

(४) बैठकको आचार संहिता महासचिवले तयार गर्नेछ ।

(५) बैठकलाई वाधा पुऱ्याउने सदस्यलाई अध्यक्षको अनुमतिमा महासचिवले चेतावनी दिनेछ । दुई पटक चेतावनी दिंदा पनि निजको क्रियाकलापमा सुधार नआएमा त्यस्ता सदस्यलाई अध्यक्षको अनुमतिमा महासचिवले बैठक कक्षबाट निष्कासित वा बिजनेस स्काइप अनलाइन माध्यममा डिस्कनेट गर्न सक्नेछ ।

५. **बैठकको कोरम तथा निर्णय प्रकृया :**

(१) यस नियमावलीको नियम ४ मा उल्लेखित प्रकृया पुरा गरी महासचिवले बैठकको आह्वान गरे पछि अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी तथा सदस्यहरुको संख्याको ५० (पचास) प्रतिशत भन्दा बढीले बैठकमा अनुपस्थित हुने जानकारी गराएको खण्डमा बाहेक अन्य अवस्थामा बैठकको कोरम पुगेको मानिनेछ ।

(२) बैठकमा उपस्थित अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरु तथा पदाधिकारीहरुको बहुमतको निर्णय मान्य हुने छ ।

(३) सदस्यहरुले ईमेल मार्फत पनि आफ्नो मत जाहेर गर्न सक्ने छन् । बैठकको कार्यसूची प्राप्त भएको दिन देखि बैठक पछि १ (एक) हप्ता सम्म ईमेल मार्फत मत जाहेर गर्न सकिनेछ ।

(४) मत बराबर भएमा बैठकको अध्यक्षता गर्नेले निर्णायक मत दिनेछ ।

(५) बैठकमा संरक्षक, सल्लाहकार, मानार्थ परिषद्का सदस्यहरु, राष्ट्रिय समन्वय परिषद्का अध्यक्षहरु र सचिवालयका प्रमुख कार्यकारी अधिकृतले पर्यवेक्षकको रुपमा भाग लिन मात्र पाउने छन् । अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयसँग सल्लाह गरी अन्तर्राष्ट्रिय समन्वय परिषद्का समिति, क्षेत्रीय

---

* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा संशोधित ।

समिति, उपसमिति, कार्यदलका सभापति वा संयोजक वा प्रमुखहरुलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ तर उनीहरुलाई बैठकको निर्णयमा मतदान गर्ने अधिकार हुने छैन ।

(६) महासचिवले बैठकको निर्णयहरुको अभिलेख (माईन्यूट) नेपाली वा अंग्रेजीमा तयार गरी बैठक सम्पन्न भएको दुई हप्ता भित्र अन्तर्राष्ट्रिय समन्वय परिषद्मा पेश गर्नु पर्नेछ । पेश गर्नु पूर्व माईनुट उपर कार्यकारी सचिवालयमा छलफल गर्न सकिनेछ ।

६. ***<u>पदाधिकारीको बैठकः</u>**

संघको विधानको उपदफा १८.२ मा उल्लेख भए बमोजिम संघको कार्य सम्पादन, निर्देशन तथा नियन्त्रण गर्नको लागि अध्यक्षको अध्यक्षतामा उपाध्यक्षहरु, ***<u>महिला उपाध्यक्ष, युवा उपाध्यक्ष</u>,** महासचिव, *<u>उपमहासचिवहरु</u>, सचिवहरु, *<u>महिला सचिव</u>, प्रवक्ता, कोषाध्यक्ष, सहकोषाध्यक्ष, *<u>महिला सहकोषाध्यक्ष</u>, महिला संयोजक, युवा संयोजक क्षेत्रीय संयोजक तथा उपसंयोजकहरु, क्षेत्रीय महिला संयोजकहरु तथा उपसंयोजकहरु र क्षेत्रीय युवा संयोजक तथा उपसंयोजकहरु र *<u>दोश्रो पुस्ताका गैरआवासीय नेपाली संयोजक</u> *<u>लाई संघको पदाधिकारी हुनेछन् । निजहरुले संयुक्तरुपमा आवश्यकता अनुसार पदाधिकारीको बैठक गर्न सक्नेछन् । पदाधिकारीको बैठक</u> सामान्यतया अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक भन्दा पहिले सम्पन्न हुनेछ । यसै नियमावलीको नियम ३, नियम ४ र नियम ५ मा उल्लेख भए बमोजिम यस बैठकले अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकमा प्रस्तुत गरिने विषयहरुको सूची तयार गरी बैठकमा निर्णय प्रकृयालाई सहजीकरण गर्नेछ । बैठकका अन्य प्रकृया यसै नियमावलीका नियम ३, नियम ४ र नियम ५ मा उल्लेख भए बमोजिम हुनेछ ।

७. **<u>अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठकः</u>**

गैरआवासीय नेपाली संघको विधानको दफा १९ मा अन्तर्राष्ट्रिय समन्वय परिषद्का कामहरुलाई छिटो छरितो गरि सम्पन्न गर्न एक अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको व्यवस्था गरिएको छ । यस सचिवालयमा अध्यक्ष, उपाध्यक्षहरु, *<u>महिला उपाध्यक्ष, युवा उपाध्यक्ष</u>, महासचिव, सचिवहरु, प्रवक्ता, कोषाध्यक्ष, सहकोषाध्यक्षहरु, *<u>महिला सहकोषाध्यक्ष</u>, महिला संयोजक र युवा संयोजक रहने छन् । अन्तर्राष्ट्रिय समन्वय परिषद्को पूर्ण बैठक बस्न सम्भव नभएको तर कुनै निर्णय गर्न आवश्यक परेको अवस्थामा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठक बस्नेछ । अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयका निर्णयहरु अन्तर्राष्ट्रिय समन्वय परिषद्का निर्णय सरह हुनेछन् तर त्यस्ता निर्णयहरु आशन्न अन्तर्राष्ट्रिय समन्वय परिषद्को पूर्ण बैठकमा अनुमोदन गराउनु पर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्को पूर्ण बैठकमा अनुमोदन हुन नसकेको विषयको हकमा भने अन्तर्राष्ट्रिय समन्वय परिषद्को पूर्ण बैठकको निर्णय बमोजिम हुने छ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।

*<u>अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठक सम्बन्धित अन्य व्यवस्थाहरुको यसै नियमावलीको नियम ३, नियम ४ र नियम ५ मा उल्लेख भए बमोजिम हुनेछ ।</u>

८. **<u>क्षेत्रीय बैठकहरुः</u>**

विधानको उपदफा १९ (क) र उपदफा २२.९.३ मा उल्लेख भए वमोजिम क्षेत्रीय संयोजकले आआफ्नो क्षेत्रमा क्षेत्रीय बैठकको आव्हान गर्न सक्नेछ । यस बैठक बारे सम्बन्धीत क्षेत्रका क्षेत्रीय संयोजकले अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई सूचित गर्नु पर्नेछ । बैठकमा क्षेत्रीय बिषयहरुमा छलफल हुनेछन् । बैठकले अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई विभिन्न विषयहरुमा सुझाव दिन सक्नेछ ।

९. *.........................

१०. *.........................

११. ***विनियम वा निर्देशिका वा कार्यविधि बनाउन सक्नेः**

यस नियमावलीमा उल्लिखित व्यवस्थाको प्रतिकूल नहुने गरी अन्तर्राष्ट्रिय समन्वय परिषद्ले आवश्यक विनियम वा निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

१२. **<u>बाधा अड्काउ फुकाउः</u>**

यस विनियमावली अनुसार कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा त्यस्तो बाधा अड्काउ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको विधानसंग नबाझिने गरी फुकाउन सक्नेछ ।

*१२(क) **<u>विनियम वा निर्देशिका वा परिपत्र बनाउन सक्नेः</u>**

(१) विधानको उद्देश्य कार्यान्वयन गर्नका लागि विधान तथा यस नियमावलीमा उल्लिखित व्यवस्थाको प्रतिकूल नहुने गरी अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले आवश्यक विनियम वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) यस नियमावलीको कार्यान्वयनको सहजताका लागि अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले विभिन्न परिपत्र जारी गर्न सक्नेछ ।

१३. **<u>यसै नियमावली बमोजिम हुनेः</u>**

यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

१४. **<u>खारेजी र बचाउः</u>**

(१) गैरआवासीय नेपाली अन्तर्राष्ट्रिय समन्वय परिषद्का विभिन्न निकायहरुको बैठक सञ्चालन सम्बन्धी नियमावली २०१९ खारेज गरिएको छ ।

(२) गैरआवासीय नेपाली अन्तर्राष्ट्रिय समन्वय परिषद्का विभिन्न निकायहरुको बैठक सञ्चालन सम्बन्धी नियमावली २०१९ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

---

* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा थप ।